ISSN 2631-2336
© Journal of Education Research and Innovation
Vol.4 No.1 (2024)

# कक्षा १–३ को मेरो सेरोफेरो विषयमा शैक्षिक सामग्रीको प्रयोगको अवस्था

**हिमाकुमारी वन**
**मध्य-पश्चिम विश्वविद्यालय**
**banhema657@gmail.com**

**लेखसार**

*प्रस्तुत अनुसन्धान कक्षा १-३ को मेरो सेरोफेरो विषयमा शैक्षिक सामग्रीको प्रयोगको अवस्था शीर्षक रहेको छ । कुनैपनि विषयको शिक्षण सरल, सहज, अर्थपूर्ण, रोचक, प्रभावकारी र व्यावहारमूलक बनाई उच्चतम रुपमा सिकाइ उपलब्धि हाँसिल गर्न सहयोग पुऱ्याउने साधन शैक्षिक सामग्री हो । विद्यार्थीहरुमा ज्ञान, सीप, धारणा र प्रतिभाको विकास गरी उच्चतम रुपमा उपलब्धि हाँसील गर्न शैक्षिक सामग्रीको प्रयोग एउटा सशक्त माध्यम र शिक्षण गर्ने सबैभन्दा उत्तम विधिको रुपमा लिइन्छ । अध्ययनका क्रममा शैक्षिक सामग्रीको रुपमा मुख्य गरेर पाठ्यपुस्तक, सेतोपाटी र कहिलेकाँहि नक्शा र चित्र प्रयोग हुने गरेको भएपनि अन्य आधुनिक श्रव्य, दृश्य र श्रव्यदृश्य शैक्षिक सामग्रीको प्रयोग नियमित हुन नसकेको पाइयो । शैक्षिक सामग्रीको संकलन, निर्माण र प्रयोगमा आवश्यक शिक्षक दरबन्दीको अभाव, बढी पिरियड भार, भौतिक विकासको अभाव, स्थानीय स्रोत र साधनको उपयोग गर्न नसक्नु जस्ता समस्याहरु रहेको पाइयो । यसको लागि केन्द्रस्तरदेखि स्थानीय निकायसम्म शैक्षिक सामग्रीको संकलन, निर्माण र प्रयोगमा सबैले नीतिगत व्यवस्थाको साथै कार्यान्वयन पक्षमा जोडदिनुपर्ने देखिन्छ । शैक्षिक सामग्री प्रयोगको समस्या न्यूनिकरण गर्नका लागि शैक्षिक सामग्रीलाई शिक्षणको लागि अनिवार्य साधन बनाउनुपर्ने साथै सबै सरोकारवाला पक्षको समन्वयमा जोड दिनुपर्ने देखिन्छ ।*

**मुख्य शब्दावली**: शैक्षिक सामग्री, श्रव्य सामग्री, दृश्य सामग्री, श्रव्यदृश्य शैक्षिक सामग्री, सङ्कलन

## परिचय

विगत दुई दशक यता यथास्थिति पाठ्यक्रमलाई समसामयिक परिमार्जन तथा अद्यावधिक गर्दै कामचलाउ बनाइँदै आएको देखिन्छ । परिणामतः यसले परिवर्तित समाजको आकाङ्क्षालाई पूरा गर्न सकेन । हुन त २०६२।६३ को राजनीतिक परिवर्तनसँगै राष्ट्रिय पाठ्यक्रम प्रारुप २०६३ कार्यान्वयनमा आयो (राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०६३) । यसले पनि यथास्थिति पाठ्यक्रमलाई केही सुधार गरी परिमार्जन सहित पुनरावृत्तिलाई निरन्तरता दियो । यसको अर्थ अनुसन्धानमा आधारित नवीनतम शैक्षणिक पद्धति, नेपालको माटो र परिवेशानुकूल मौलिक संस्कृति एवम् सामाजिक न्याय र स्थानीय आवश्यकता उन्मुख सक्षमतामा आधारित शिक्षा प्रणालीको मार्ग चित्रलाई कोर्न सकेन । यही आवश्यकतालाई ध्यानमा राखेर बालबालिकाको सर्वाङ्गीण विकासमा सहयोग पुऱ्याईं राष्ट्रनिमाणका लागि सिर्जनात्मक र तार्किक क्षमता भएको सबल २ सक्षम नागरिक उत्पादन गर्ने अठोटसहित राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७५ निर्माण भएको छ (क्षेत्री, २०७६) । आधारभूत शिक्षालाई विद्यार्थीको सिकाइ क्षमता स्तर अनुसार प्रारम्भिक बाल शिक्षासहित कक्षा १ देखि ३ लाई पहिलो, कक्षा ४ देखि ५ लाई दोस्रो र कक्षा ६ देखि ८ लाई तेस्रो तहमा विभाजन गरेको  छ । राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७५ ले निर्दिष्ट गरेको सिद्धान्त र संरचना स्वरूपलाई हेर्दा कक्षा १ देखि ३ सम्मको पाठ्यक्रम एकीकृत ढाँचामा निर्माण गरी २०७५ चैत २२ गते राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्बाट स्वीकृत भई शैक्षिक वर्ष २०७६ बाट नेपाल भरिका १०३ वटा विद्यालयमा कक्षा १ को पाठ्यक्रम परीक्षण कार्य भइरहेको छ (शर्मा, २०७९) । यही आधारमा शैक्षिक वर्ष २०७७ बाट पूर्णतया कार्यान्वयनमा ल्याउने प्रावधान छ भने कक्षा २ र ३ को परीक्षण कार्यलाई शैक्षिक वर्ष २०७७ मा सम्पन्न गराई २०७५ बाट देशभर लागू गर्ने योजना रहेको देखिन्छ (राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६) ।

सिकारुको सम्पूर्ण पक्षको विकास गर्ने ध्येय राखी विद्यार्थीको सक्रियतालाई ध्यानमा राखी दुई भन्दा बढी विषयवस्तुको अर्थपूर्ण संयोजन गरी तयार पारिएको पाठ्यक्रम नै एकीकृत पाठ्यक्रम हो । एकीकृत पाठ्यक्रममा विविध विषय र क्षेत्रका सक्षमताहरूलाई एउटै पाठ्यक्रममा समावेश गरी सिकाइ क्रियाकलापहरूलाई समायोजन गरिएको हुन्छ । यो मुलतः जीवन्त अनुभव, बहुविषयगत अन्तर विषयगत भई एकीकृत पाठ्यक्रमको विकास भएको छ । अर्न्तराष्ट्रिय अभ्यास र नेपालको अनुभवलाई ख्यालमा राखी हाम्रो सेरोफेरो, मेरो नेपाली, मेरो

अंग्रेजी मेरो गणित जस्ता विषय पाठ्यपुस्तक तयार गरिएको छ । यी विषयभित्र बहुविषयवस्तुलाई प्राथमिकतामा राखिएको छ । एकीकृत पाठ्यक्रमलाई सक्षमता र रुचीमा आधारित बनाउन कक्षा १ देखि ३ का तहगत र विषयगत सिकाइ उपलब्धी पहिचान गरिएको छ । यसमा भाषिक सीपसँगै व्यवहार कुशल सीपहरू राखिएको छ । बालबालिकाको सोचाइ, सीप, वैयक्तिक सीप, अन्तर वैयक्तिक सीप, बहुसाक्षरता सीप लगायत सूचना प्रविधिसँग जोडिएको छ । यी सबै विषयलाई एकीकृत गरिएको हुँदा यसलाई एकीकृत पाठ्यक्रम भनिएको हो । विद्यार्थीको रुची र आवश्यकतालाई ख्याल गरी वर्षभरी ८३२ कार्यघण्टा सिकाइ सहजीकरण हुने र कक्षामा एउटा शिक्षकले दैनिक ४ घण्टा २० मिनेट समय बिताउने भनी उल्लेख गरिएको छ । त्यसभित्र एउटै शिक्षकले नेपाली, अंग्रेजी, गणित, सेरोफेरो विषय पढाउनुपर्ने भनी तोकिएको छ । हरेक विषयमा पाठहरू एउटै शीर्षकमा राखिएको छ । चारओटै विषयमा एउटै शीर्षकहरू छन् भने भाषिक सीप र गणितीय सीप तथा सूचना सञ्चार प्रविधि सीप पनि रहेका छन् (राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६) ।

सन् १९९० को दशकमा कच्चा पदार्थ (Raw Material) र श्रम (Labor) लाई ज्ञान (Knowledge) र सीप (Skill) ले विस्थापित (Replace) गर्न थाल्यो, तब ज्ञान र सीप मापन गर्ने एउटा प्रमुख आधारको रूपमा विद्यार्थीको राष्ट्रिय उपलब्धि परीक्षणलाई लिइयो (शर्मा, २०७२) । राष्ट्रिय उपलब्धि परीक्षणमा नै कुनै पनि देशको शैक्षिक निर्णय, नीति निर्माण, संस्थागत सुदृढीकरण र कार्यविधिगत सुधार निर्भर गर्छ । नेपालमा पनि राष्ट्रिय उपलब्धि परीक्षणको कामलाई शिक्षा मन्त्रालय अन्तर्गतको शैक्षिक गुणस्तर परीक्षण केन्द्रले संस्थागत रूपमा अघि बढाउने प्रयास गरिरहेको छ ।

विश्व परिवेशमा शैक्षिक सामग्रीको प्रयोगले शैक्षिक क्षेत्रको परिवर्तन गतिशीलतामा लगेकोले यसलाई व्यवहारउन्मुख बनाइ अगाडी बढाइएको पाइन्छ । यसरी शैक्षिक सामग्रीको प्रयोगले शैक्षिक क्षेत्रमा ठूलो गुणस्तर प्राप्त गर्न सहयोग पुऱ्याएको छ । शैक्षिक सामग्री प्रयोग १० औं शताब्दीदेखि चीनबाट सुरु भएको विभिन्न धार्मिक ग्रन्थमा पाइन्छ । नेपालको परिवेशमा हेर्दा वि.सं. १९१० मा जंगबहादुर राणाले दरबार स्कुलको स्थापना गरी औपचारिक विद्यालय शिक्षाको थालनीबाट शैक्षिक सामग्री प्रयोग गरेको पाइन्छ (कोइराला, २०६३) । त्यति बेलाको शैक्षिक इतिहासमा पाठ्यपुस्तक सामग्रीको रुपमा अगाडि बढाइयो । यसरी समयको परिवर्तनसँगै शैक्षिक सामग्रीमा पनि ठूलो परिवर्तन आयो । अहिले आएर नेपालमा सूचना तथा सञ्चारका माध्यमलाई पनि तीव्र गतिमा अगाडि गएको चित्र, भिडियो, अडियो जस्तो सामग्रीको विकास भएको पाइन्छ । वर्तमान अवस्थामा नेपालमा शैक्षिक सामग्रीले मूर्त कुरालाई सबल र प्रभावकारी बनाउछ भने अमूर्त कुराहरुलाई मूर्त बनाउन सहयोग गर्ने भएकाले शैक्षिक सामग्रीले सूचनाको प्रवाह प्रभावकारी हुन्छ । जसमा श्रव्य, दृश्य, श्रव्यदृश्य, मुद्रित सामग्रीको निर्माण गरी शिक्षा क्षेत्रलाई अगाडि बढाउने पर्यत्न गरिएको छ ।

कोवुन (१९६८) को प्रयोगात्मक सिद्धान्त का अनुसार कुन सूचनाको प्रवाह ज्यादा प्रभावकारी हुन्छ भन्ने वारेमा सन् १९६८ मा शिक्षा विद् कोवुनले शैक्षिक सामग्रीलाई महत्वपूर्ण प्रगति पक्षको रुपमा लिएका छन् । उनले शिक्षण गर्ने क्रममा सामग्रीको माध्यमबाट सिकाइ गर्दा सिकारुले प्रयोग गरी सकेको कुरा दिगो हुन्छ जसलाई शैक्षिक सामग्री प्रयोगले बालबालिकाको सिकाइ ८३ प्रतिशत हुन्छ (शर्मा, २०७१) । यसरी हेर्दा देख्न पाउने गरी सिकाइ सिक्दा सबैभन्दा उत्तम हुने उनको भनाइ रहेको छ । देख्न सक्ने गरी सिक्नु भनेको कक्षाकोठामा शैक्षिक सामग्रीको प्रयोग गर्नु हो । त्यस्तै कोवुनले अध्ययन गर्दा निष्कर्षमा बालबालिकाले के पढ्छन्, के सुन्छन्, के देख्छन्, के भन्छन्, के गर्छन् । यिनी कुरामध्ये बालबालिकाले के गर्छन् भन्ने कुरा महत्वपूर्ण हुन्छ भनेका छन् । त्यसैले विद्यार्थी केन्द्रित श्रव्यदृश्य, श्रव्यदृश्य सामग्रीको संकलन निर्माण र प्रयोगमा विद्यार्थीको सक्रिय सहभागिता भएमा सिकाइ उपलब्धि प्रभावकारी रुपमा हासिल गर्न सकिने निष्कर्ष यस भनाइको रहेकाले यसलाई अध्ययनको आधार बनाइएको छ । सुनेको कुरा बिर्सिन्छ, देखेको कुरा सम्झिन्छ र प्रयोग गरेको कुरा प्रभावकारी हुन्छ भन्नेमा आधारित रही कोवुनले यस सिद्धान्तमा बढीभन्दा बढी प्रयोग गर्नुपर्ने र विद्यार्थीको सिकाइ प्रक्रियालाई सरल, सहज र प्रभावकारी हुन्छ (शर्मा र शर्मा, २०७२) ।

शिक्षण सामग्रीको महत्व दर्शाउनु उद्देश्य राखी “सिकाइ सामग्री र शैक्षिक गुणस्तरको साइनो” शीर्षकमा प्रकाशित गरिएको लेख अनुसार नदेखेका कुरा, घटना र वातावरणको प्रत्यक्ष जानकारी दिन सिकाइ सामग्रीको प्रयोग रामबाण सावित हुने कुरा उल्लेख गरिएको छ । उक्त लेखमा विद्यालय क्षेत्र सुधार कार्यक्रमको अवधि (२००९-२०१५) मा कक्षा ३, कक्षा ५ र कक्षा ८ को राष्ट्रिय उपलब्धि परीक्षण दुई चरणमा गरिसक्ने कुरा उल्लेख छ ।

यसै क्रममा कक्षा ८ को शैक्षिक उपलब्धि परीक्षणमा स्थायी संयन्त्र, आइटम रेस्पोन्सको सिद्धान्त अन्तर्राष्ट्रिय विज्ञको सेवा र २५ जिल्लाका १२०१ विद्यालयका ४८,६८२ जना विद्यार्थीको संलग्नतामा गरिएको उक्त परीक्षणले शैक्षिक सामग्रीको प्रयोगले शैक्षिक गुणस्तर ल्याउन ठूलो भूमिका खेल्ने देखाएको छ । सो परीक्षणले विद्यालय तहको पठनपाठनमा शैक्षिक सामग्रीको प्रयोग अपेक्षित रूपमा हुन नसकेको देखाएको छ । यसले शैक्षिक सामग्रीको प्रयोग गरेर क्रियाकलापमा आधारित सिकाइ कम भएको, परियोजना कार्य, सिर्जनात्मक, रचनात्मक अभ्यास कम हुने गरेको कुरा संकेत गरेको छ । त्यसैगरी अध्ययनले घरमा भएका सन्दर्भ सामग्री र उपयुक्त वातावरणले पठनपाठनमा पर्ने असरलाई पनि विश्लेषण गरेको छ । पढ्ने टेबल, कोठा, शान्त वातावरण, कम्प्युटर, सफ्टवेयर, क्यालकुलेटर, कविताका किताब, कला सम्बन्धी पुस्तक, शब्दकोश, चित्रका किताब, अन्य सहयोगी किताब आदिको उपलब्धताले सिकाइमा गहिरो प्रभाव पार्ने अध्ययनले देखाएको निष्कर्ष रहेको छ (पोखरेल, २०७०) ।

नेपालको सन्दर्भमा मुद्रित कतिपय आफैले निर्माण गरेका सुचना तथा संचारका माध्यमबाट निर्माण गरिएका जस्तै : भिडियो, रेडियो, टेपरेकर्डर, टेलिभिजन जस्ता सामग्री, कम मुल्य र स्थानीय स्तरमा पाइने सामग्रीहरुको प्रयोग गरिदै आइरहेको छ । पुराना मन्दिर, पाटीपौवा, शिलालेख, संग्राहालयमा भएका सामग्री आदिलाई मेरो सेरोफेरो विषयमा शिक्षणका लागि आधुनिक तथा नयाँपन दिएको छ । शिक्षण सिकाइलाई प्रभावकारी बनाउन कक्षाकोठामा उत्प्रेरणा पैदा गर्न शिक्षकले जे जस्ता उपायका साथ सामग्रीको प्रयोग गरिन्छ । त्यस्ता सामग्रीलाई शैक्षिक सामग्री भनिन्छ (क्षेत्री, २०७५) ।

कक्षामा उभिएर पाठ्यपुस्तकमा भएका कुरा मात्र एकहोरो रुपले व्याख्या गर्दै त्यसलाई प्रभावकारी शिक्षण मान्न सकिदैन । यसलाई अर्थपूर्ण, रुचिपूर्ण, उद्देश्यमूलक बनाउने काम शैक्षिक सामग्रीले गर्दछ र मूर्त रुप दिन सहयोग पुऱ्याउँदै आएको छ ।

**उद्देश्य**

कक्षा १-३ को मेरो सेरोफेरो विषयमा शैक्षिक सामग्रीको प्रयोगको अवस्था पहिचान सम्बन्धी अध्ययन गर्नु रहेको छ ।

**सीमा**

सिमित स्रोत, साधन, समय जस्ता विभिन्न समस्याले यस अध्ययनलाई निम्न विषय र क्षेत्रमा सिमावद्ध गरिएको छ । यस अध्ययनको लागि सुर्खेत जिल्लाको विरेन्द्रनगर नगरपालिकामा मात्र अध्ययनको क्षेत्र बनाइएको छ । विरेन्द्रनगर नगरपालिका अन्तरगतका २१ ओटा विद्यालयहरु मध्येबाट गोलाप्रथा गरी ५ वटा विद्यालयलाई मात्र नमूनाको रुपमा लिईएको छ । यस अध्ययनमा आधारभूत तहका कक्षा १-३ को मेरो सेरोफेरो विषयमा केन्द्रीत रहेको छ । अध्ययन क्षेत्रका नमूना छनोटमा परेका सबै आधारभूत विद्यालयका प्रधानाध्यापक, विषय शिक्षक, विद्यार्थीबाट प्राप्त सूचनालाई मात्र प्रयोग गरिएको छ ।

## विधि

यो अध्ययन गुणात्मक ढाँचामा सम्बन्धित रहेको छ । कक्षा १-३ को मेरो सेरोफेरो विषयमा शैक्षिक सामग्रीको प्रयोगको अवस्थालाई वास्तविक रूपमा पहिचान गर्न विभिन्न साधन, सूचना संकलन प्रक्रिया आदि विषयवस्तुमा समेटिएको छ । यस अध्ययनमा विवरणात्मक सूचना संकलनका लागि शैक्षिक सामग्रीको निर्माण, संकलन र प्रयोग सम्वन्धमा आधारित रहि अन्तर्वार्ता सूचि, प्रश्नावलीबाट प्राप्त गरिएको छ । यस अध्ययनमा विषय शिक्षक, प्रधानाध्यापक र विद्यार्थी प्रमुख सूचनादाताका रूपमा रहेको छन् ।

**अनुसन्धानको जनसंख्या**

सुर्खेत जिल्ला विरेन्द्रनगर नगरपालिकाका अन्तरगतका विद्यालय विद्यार्थी, शिक्षक र प्रधानाध्यापक यस अध्ययनका जनसंख्याको रुपमा रहेका छन् ।

**तथ्याङ्क संकलनका स्रोत**

प्राथमिक स्रोतको रुपमा मेरो सेरोफेरो विषयको शिक्षणमा शैक्षिक सामग्रीको प्रयोग सम्बन्धी सूचनाका लागि छनोट गरिएको विद्यालयको प्रधानाध्यापकबाट अन्तर्वार्ता, शिक्षक र विद्यार्थीबाट प्रश्नावलीबाट सूचना संकलन गरिएको छ ।

द्वितीय स्रोतको रुपमा पाठ्यपुस्तक, सन्दर्भ सामग्री, पत्रपत्रिका, लेख, अभिलेख सन्दर्भग्रन्थ र अन्य सम्बन्धित पुस्तक रचना, अनुसन्धान प्रतिबेदनको उपयोग गरिएको छ ।

**तथ्याङ्क विश्लेषण प्रक्रिया**

यस अनुसन्धानको क्रममा प्रधानाध्यापक, शिक्षक र विद्यार्थीबाट प्राप्त सूचनालाई विश्लेषण गर्ने क्रममा गुणात्मक विधिको प्रयोग गरी व्याख्या र विश्लेषण गरिएको छ ।

## तथ्याङ्कको व्याख्या विश्लेषण, नतिजाको विश्लेषण

**शैक्षिक सामग्री प्रयोगको अवस्था पहिचान**

नदेखेका कुरा, घटना र वातावरणको प्रत्यक्ष जानकारी दिन सिकाइ सामग्रीको प्रयोग रामबाण सावित हुन सक्छ । त्यसैले आधुनिक शैक्षिक पद्धतिमा शैक्षिक गुणस्तरका लागि शैक्षिक सामग्रीको महत्व र औचित्य अहं रहेको छ । समाजको विकासक्रम सँगसँगै शिक्षणकार्यमा पनि नयाँ आयामहरू थपिदै गएका छन् । विज्ञान र प्रविधिको विकासले शैक्षिक सामग्रीका रूपमा श्रव्य-दृश्य सामग्री विकसित गरिएका छन् । विशेषगरी सूचना-प्रविधिमा आएको विकासले शिक्षण सिकाइ क्रियाकलापमा पनि नयाँ मूल्य र मान्यता स्थापित गरेको छ । आधुनिक र उपयुक्त शैक्षिक सामग्रीको प्रयोगले शिक्षणलाई आकर्षक मात्र होइन, प्रभावकारी र अर्थपूर्ण पनि बनाउँछ । विद्यार्थीले सिकेको ज्ञानलाई दिगो बनाउँदै यसले विद्यार्थीमा रुचि जगाई स्वतन्त्र सिकाइ तथा विचारको अभिवृद्धि गर्छ । सिकाइ सामग्रीको प्रयोगले बालबालिकामा रुचि र उत्साह पैदा हुन्छ । शिक्षकको समय बचत हुन्छ । विषयवस्तुको व्यावहारिक अनुभव प्राप्त गर्न शिक्षक र विद्यार्थी दुवैलाई सहयोग पुऱ्याउँछ । सिकाइ प्रभावकारी र स्थायी बनाउन मद्दत पुग्छ । पाठ्यक्रमको उद्देश्य पूरा गर्न र शिक्षकको पेशागत दक्षता बढाउन पनि सिकाइ सामग्रीको महत्वपूर्ण भूमिका हुन्छ । विषयवस्तुको सही, वास्तविक र पूर्ण धारणा दिन शैक्षिक सामग्रीले सहयोग गर्छ ।

प्रस्तुत अध्ययन मेरो सेरोफेरो विषयमा शैक्षिक सामग्रीको प्रयोग सम्बन्धमा गरिएको छ । यस अध्ययनको उद्देश्य शैक्षिक सामग्रीको प्रयोगको अवस्था पहिचान गर्नु रहेको छ । उक्त उद्देश्यसँग सम्बन्धित भएर मेरो सेरोफेरो विषयमा शैक्षिक सामग्रीको अवस्थासँग सम्बन्धित शिक्षक र विद्यार्थीबाट भराईएको खुल्ला प्रश्नावलीबाट प्राप्त सूचना र प्रधानाध्यापकसँगको अन्तर्वार्ताबाट प्राप्त सूचनालाई निम्नानुसार व्याख्या र विश्लेषण गरिएको छः

### सामग्रीको निर्माण, संकलन र प्रयोगको अवस्था

**निर्माणको अवस्था**

प्रधानाध्यापकलाई सोधिएको असंरचित प्रश्नमा विद्यालयमा निर्माण गरिएका सामग्री कसरी, के र किन निर्माण गरिए भन्ने प्रश्न सोधिएको उत्तर अनुसार विद्यालयको आर्थिक, भौतिक, सामाजिक अवस्था अनुसार शैक्षिक सामग्री निर्माण गर्ने गरेको पाइयो । प्रधानाध्यापक, शिक्षक, विद्यार्थीको सामीप्यतामा शैक्षिक सामग्री निर्माण गरिएता पनि विषयवस्तुको आवश्यकता, प्रकृतिसँग मिल्दोजुल्दो गरी पूर्ण रुपमा निर्माण गर्न नसकिएको विद्यार्थीको चाहना, रुचि र आवश्यकता बमोजिम शैक्षिक सामग्री निर्माण गर्न नसकिएको जसलाई शिक्षाले लिएका राष्ट्रिय सँगसँगै तहगत उद्देश्यहरु पुरा गर्ने किसिमका सामग्री निर्माण गर्ने प्रयास गरे पनि सो प्रयत्न बमोजिम पुरा गर्न नसकिएको मूलत मेरो सेरोफेरो विषयमा प्रयोग हुने सामग्री परिवार, समाज, वातावरणीय अवस्था आदिका रुपमा मात्र सामग्री कक्षाकोठामा विद्यार्थी र शिक्षकको सक्रियतामा कक्षाकोठामा उपलब्ध हुने सामग्री मात्र निर्माण गर्न सकियो । भौगोलिक अवस्था सामाजिक तथा अभिभावकको भूमिकाको कारणले पनि विद्यालयमा उपलब्ध भएका बाहेक अन्य तवरबाट शैक्षिक सामग्रीलाई निर्माण गर्न नसकिएको अभावका कारणले शैक्षणिक सामग्री निर्माण गर्न नसकेको, नियमित प्रयोग हुने सामग्री शैक्षिक सामग्रीहरु जस्तै सेतो पाटी, पाठ्यपुस्तक प्रयोग गर्ने गरेको विद्यालयमा बजारबाट खरिद गरिएका चित्र, पोस्टर, नक्साको प्रयोग गरी विद्यालयमा विद्यार्थीहरुलाई सोही अनुसार शैक्षिक सामग्री निर्माण र संकलन गर्न लगाइएको पाइयो । विद्यार्थीले शैक्षिक सामग्री मार्फत शिक्षण गरिएका पाठलाई दिर्घकालिन रुपमा सिकाइ भएको कुरा शिक्षकको प्रश्नावलीबाट प्राप्त भयो ।

सिकाइलाई रोचक र सुगम बनाउन शैक्षिक सामग्रीको निर्माण गर्ने गरेको, निर्माण पश्चात समयको अभाव खेप्नुपर्ने, विषयवस्तुलाई स्पष्टसँग बुझ्न निम्ति विद्यार्थीलाई गरेर सिक्ने वातावरण निर्माण गर्नका लागि शैक्षिक सामग्री निर्माण गर्ने गरेको पाइयो । विद्यार्थी सक्रिय भई रुचि जगाउने र शैक्षिक सामग्रीले शिक्षकलाई शिक्षण सीपमा अभिवृद्धि गर्ने र विद्यार्थी तथा शिक्षकमा सिर्जनात्मक क्षमताको विकास गर्ने गर्दछ । शैक्षिक सामग्रीले धारणा स्पष्ट गर्न कम समयमा धेरै कुरा सिक्न शिक्षणलाई रोचक बनाउन खुसी वातावरणमा सृजनशिल बनाउन नै शैक्षिक सामग्रीले सहयोग गर्दछन् ।

अध्ययनसँग सम्बन्धित भएर शैक्षिक सामग्रीको निर्माण सम्बन्धि राखिएको जिज्ञासामा दिनुभएको प्रतिक्रिया अनुसार शिक्षण सामग्री भन्नाले कक्षाकोठाभित्र शिक्षण सिकाई क्रियाकलापका विषयवस्तुलाई सरल र प्रभावकारी बनाउन प्रयोग गरिने सामग्री हुन जसले विद्यार्थीहरुको सिकाई क्रियाकलापमा सक्रियता प्रदान गर्दछन् । शैक्षिक सामग्रीको संकलन विशेष गरेर बजारबाट खरिद गरेर ल्याईएका छन् भने तालिका, चार्ट, चित्र, पोष्टर जस्ता सामग्रीहरु आवश्यकताअनुसार विद्यालयमा शिक्षकको सक्रियतामा निर्माण गरी प्रयोग गर्ने गरेको तालिका, चार्ट, प्लेकार्ड बनाउँदा विद्यालयमा उपलब्ध हुने सामग्रीबाट प्रयोग गरेको र सबै विषयवस्तुलाई प्रयाप्त हुने गरी सबै किसिमका शैक्षिक सामग्रीहरु व्यवस्थित रुपमा प्रयोग गर्न नसकिएकोले शैक्षिक सामग्रीको निर्माण अवस्था सामान्यतया कमजोर रहेको भन्ने उल्लेख गरेको पाईयो ।

शैक्षिक सामग्रीको निर्माण अवस्था सम्बन्धि राखिएको जिज्ञासामा दिनुभएको प्रतिक्रिया अनुसार शिक्षण गरिने पाठको प्रकृति र विषयवस्तुको आधारमा शिक्षण सिकाईलाई अर्थपूर्ण र उद्देश्यमूलक बनाउन आवश्यक पर्ने सामग्री हुन् । जसले सिकाइलाई दिगो र अर्थपूर्ण बनाई सिकाई उपलब्धिमा सकारात्मक प्रभाव पार्दछ । आवश्यकता र समयको उपलब्धताको आधारमा शिक्षकको सक्रियतामा निर्माण गरी प्रयोग गर्ने गरिएको र शैक्षिक सामग्रीको रुपमा पाठ्यपुस्तक, चार्ट, तालिका, नक्शा श्रव्य, दृश्य, श्रव्य दृश्य सामग्रीको व्यवस्थित प्रयोग गर्न नसकेको, स्थानीय स्रोत र साधनको प्रयोग कम मात्रामा गर्न सकेको पाइयो ।

**संकलनको अवस्था**

छनोटमा परेका प्रधानाध्यापकलाई सोधिएको असंरचित प्रश्नावलीमा के कस्ता शैक्षिक सामग्री संकलन भएका छन् र कसरी गरिन्छ भन्ने प्रश्नमा सम्बन्धित रही सोधिएका प्रश्नको विश्लेषण गरिएको छ । अध्ययनसँग सम्बन्धित भएर शैक्षिक सामाग्रीको निर्माण र सम्बन्धि राखिएको जिज्ञासामा दिनुभएको प्रतिक्रिया अनुसार शिक्षण गरिने पाठको प्रकृति र विषयवस्तुको आधारमा शिक्षण सिकाईलाई अर्थपूर्ण र उद्देश्यमूलक बनाउन आवश्यक पर्ने सामग्री हुन् । जसले सिकाइलाई गरेर सिक्ने वातावरण बनाई सिकाई उपलब्धिमा सकारात्मक प्रभाव पार्दछ ।

मेरो सेरोफेरो विषयमा शैक्षिक सामग्रीको संकलन अवस्थासँग सम्बन्धित भएर गरिएको प्रश्नावलीबाट प्राप्त सूचनाको विश्लेषण गर्दा पाठ्यपुस्तक, पाठ्यक्रम, सेतोपाटी, चित्रपत्ति, शब्दपत्तिको प्रयोग बढी भएको, प्रयोग मध्यमरुपमा भएको पत्रपत्रिका र सहायक सामग्रीको प्रयोग न्यून भएको र दृश्य सामग्रीको प्रयोग नभएको पाईयो । शैक्षिक सामग्रीको संकलनमा विद्यार्थी सहभागिता पनि कम रहेको पाइएको छ । शैक्षिक सामग्रीको रुपमा स्थानीय स्रोत र सामग्रीलाई उपयोग गर्ने गरेको भए पनि यसको उच्चतम प्रयोग नभएको अवस्था पाईयो ।

अध्ययनसँग सम्बन्धित भएर शैक्षिक सामग्रीको उपलव्धता र संकलन अवस्था सम्बन्धमा राखिएको जिज्ञासामा सबै विषयका लागि आवश्यक शैक्षिक सामग्रीहरुको उपलव्धता र प्रयोग गराउने हरेक विद्यालयका प्रधानाध्यापकहरुको जिम्मेवारी भए पनि त्यस्तो गर्न आर्थिक, भौतिक र जनशक्तिको अभावमा नसकेको, विद्यालयको आर्थिक, भौतिक र मानवीय पक्षको उच्चतम उपयोग गरी केहि मुद्रित सामग्री, पाठ्यपुस्तक, पाठ्क्रम, सहायक सामग्री, नक्शा, बजारबाट खरिद गरेको र प्रतिबेदनको नमूना, चित्र, नमूना, पम्प्लेट शिक्षकले संकलन र निर्माण गरेर प्रयोग गर्ने व्यवस्था मिलाएको भए पनि यसलाई आधुनिकीकरण गर्न नसकेको प्रतिक्रिया व्यक्त गर्नु भएको थियो ।

वर्तमान समयमा विश्व नेट इन्टरनेटको युगमा प्रवेश गरिसकेको अवस्थामा आधुनिक विज्ञान प्रविधिको सदुपयोग गरी सोबाट प्राप्त हुने सामग्री संकलन गर्न नसकिएको पाइन्छ । यसरी आधुनिकतासँगै सिकाइलाई सहजीकरण गर्न नसक्दा शिक्षण सिकाइ क्रियाकलापलाई पुरानै व्याख्या विधिबाट मात्र सहजिकरण गर्न बाध्यता परेको पाइएको छ । शैक्षिक सामग्रीलाई समयानुकुल बनाउन सरोकारवाला पक्षमा ध्यान जान जरुरत देखिन्छ ।

**प्रयोगको अवस्था**

अनुसन्धानसँग सम्बन्धित रही प्रधानाध्यापकलाई सोधिएको अन्तर्वार्ताबाट शैक्षिक सामग्रीको निर्माण संकलन पश्चात त्यसलाई कसरी प्रयोग गरिन्छ, भण्डारण कसरी गरिन्छ भनी सोधिएको प्रश्नमा आधारित भई विश्लेषण गरिएको छ । शिक्षकलाई तालिम, प्रशिक्षणको पुर्नताजगी गर्ने कार्य माथिल्लो निकाय (शिक्षा विकास तथा समन्वय इकाइबाट, शिक्षा शाखाबाट नभएको पाइयो । विद्यालय स्तरमा पनि प्रधानाध्यापकबाट तथा विद्यालय व्यवस्थापन समितिबाट पनि शैक्षिक सामग्री निर्माण प्रक्रियाको तालिम तथा पुन ज्ञानको अभाव रहेको

पाइयो । शिक्षकले पढेको भरमा सामग्री निर्माण गरी प्रयोग गरेको पाइयो । शिक्षकले शिक्षक निर्देशिका विना पाठ्यपुस्तकका भरमा शैक्षिक सामग्रीलाई प्रयोग गर्ने र सामग्री निर्माण गरेको पाइयो ।

शैक्षिक सामाग्रीको प्रयोगको अवस्था सम्बन्धि राखिएको जिज्ञासामा दिनुभएको प्रतिक्रिया अनुसार शिक्षण सामग्री भन्नाले कक्षाकोठाभित्र शिक्षण सिकाई क्रियाकलापका विषयवस्तुलाई सरल र प्रभावकारी बनाउन प्रयोग गरिने सामग्री हुन जसले विद्यार्थीहरुको सिकाई क्रियाकलापमा सक्रियता प्रदान गर्दछन् । शैक्षिक सामग्रीको संकलन विशेष गरेर बजारबाट खरिद गरेर ल्याईएका छन् भने तालिका, चार्ट, ग्राफ जस्ता सामग्री आवश्यकताअनुसार विद्यालयमा शिक्षकको सक्रियतामा निर्माण गरी प्रयोग गर्ने गरेको तालिका, चार्ट, प्लेकार्ड, बनाउँदा स्थानीय सामग्रीको प्रयोग गरेको पाईयो ।

निष्कर्षमा शिक्षक, प्रधानाध्यापक र विद्यार्थीलाई सोधिएको प्रश्नावलीमा सिकाइ उपलव्धि उच्च पार्नका लागि शैक्षिक सामग्री एउटा अनिवार्य पक्ष भएको भए पनि परम्परागत शैक्षिक सामग्रीको प्रयोगको अवस्थामा नै चित्त वुझाउनु परेको, उपर्युक्त सामग्रीहरु पनि सबै विद्यार्थीहरुका लागि पुग्न सक्ने प्राप्त नभएका स्थानिय स्रोत र साधनको प्रयोग गरेर चित्र, पोष्टर, आदिको निर्माण र प्रयोग गर्ने गरेको विद्युतीय शैक्षिक सामग्रीहरु तथा साधनहरुको प्रयोग गर्न नसकेको भन्ने कुरा उल्लेख भएको पाईयो ।

माथिको सूचनाको आधारमा सिकाइ उपलव्धि उच्च पार्नका लागि शैक्षिक सामग्री एउटा अनिवार्य पक्ष भएको भए पनि परम्परागत शैक्षिक सामग्रीको संकलन, निर्माण, प्रयोगको अवस्थामा नै चित्त वुझाउनु परेको, उपर्युक्त सामग्रीहरु पनि सबै विद्यार्थीहरुका लागि पुग्न सक्ने प्रयाप्त नभएको पाइयो । स्थानिय स्रोत र साधनको प्रयोग गरेर चित्र, ग्राफ, नमूना, पोष्टर, नक्शाको निर्माण र प्रयोग गर्ने गरेको विद्युतीय शैक्षिक सामग्री तथा साधनहरुको प्रयोग गर्न नसकेको भन्ने कुरा उल्लेख भएको पाईयो ।

**शैक्षिक सामग्रीको संकलन, निर्माण र प्रयोग सम्बन्धमा देखापरेका समस्या**

विद्यालय बालबालिकाहरुको भविष्य निर्माण गर्ने थलो हो । जहाँ विद्यार्थीहरुलाई युग सुहाउँदो, समयको मागअनुसारको शिक्षा दिने कार्य शिक्षकबाट हुन्छ । शिक्षकहरुले चाहेर पनि विद्यार्थीहरुलाई विभिन्न किसिमका समस्याले गर्दा गुणस्तरीय शिक्षा दिन सकिरहेका छैनन् । जसमा शैक्षिक सामग्रीसम्बन्धी समस्या पनि एक प्रमुख कारण रहेको छ । शैक्षिक सत्र सुरु भएको एक वर्षसम्म वितिसक्दा पनि विद्यार्थीको हातमा प्रमुख शैक्षिक सामग्री पाठ्यपुस्तक नपर्नुले एउटा समस्या ल्याएको छ । यसको साथै शैक्षिक सामग्री संकलन, निर्माण र प्रयोगमा समेत विभिन्न समस्याहरु रहेको कुरा यस अध्ययनले देखाएको छ । जसलाई निम्नानुसार विभिन्न उपशीर्षकमा राखी व्याख्या गरिएको छ :

**शैक्षिक सामग्रीको संकलनमा देखापरेका समस्या**

सम्बन्धित अनुसन्धानको क्षेत्रभित्र रही शैक्षिक सामग्री संकलनमा के कस्ता समस्याहरु आए, सामग्री संकलन कसरी हुन्छन्, विद्यालयभित्र हुन्छन् या विद्यालय बाहिरबाट संकलन गरेर ल्याइन्छ भनी सोधेको प्रश्नमा शैक्षिक सामग्री संकलन र निर्माणको लागि आर्थिक स्थिति कमजोर रहेको बताउनु भयो । शिक्षकले शैक्षिक सामग्री प्रयोगको लागि रङ्ग, कलम, चार्ट पेपर, ड्रोइङ्ग पेपर लगायतको सामग्री किन्न र निर्माणको लागि आर्थिक समस्या रहेको बताउनु भयो । आर्थिक पक्षका साथसाथै भौतिक, नकारात्मक सोचाइको कारणले शिक्षा क्षेत्रमा सरकारी विद्यालय प्रतिको हेराइको दृष्टिकोणले पनि शैक्षिक सामग्री संकलनमा समस्या उत्पन्न भएका छन् । यसको साथै शिक्षक लगायत विद्यालय परिवारले समेत यस सम्बन्धमा चासो नदेखाउँदा समस्या रहेका छन् ।

शिक्षकलाई प्रशासन पक्षले पेलेर माग नभई सामग्री संकलन गर्न समय समयमा एक अर्को विद्यालयको शिक्षकलाई उपाय आदान प्रदान गर्ने वातावरण परि निर्माण नगरेको चाहिएको बेला सामग्री संकलन नगर्ने वातावरणको कारणले, अभिभावकको चेतना स्तरको कमिको कारणले पनि शैक्षिक सामग्री संकलनमा बाधा आएको पाइन्छ । विशेषगरी संकलन सामग्री शिक्षक र विद्यार्थीको सक्रियतामा मात्र हुने गरेको पाइयो ।

**शैक्षिक सामग्रीको निर्माणमा देखा परेका समस्या**

अनुसन्धानका क्रममा प्रधानाध्यापकका अनुसार अध्ययनसँग सम्बन्धित भएर शैक्षिक सामग्रीको निर्माण सम्बन्धमा देखा परेका समस्यासँग सम्बन्धित भएर सोधिएको प्रश्नावलीको जवाफमा प्राप्त प्रतिक्रिया अनुसार बढी पिरियड भार हुनु, समय र स्रोतको अभाव हुनु, शैक्षिक सामग्रीको उपयुक्त भण्डारको व्यवस्था नहुनु, शैक्षिक सामग्री प्रयोगशाला नहुनु, स्थानीय सामग्रीलाई शैक्षिक सामग्रीको रुपमा उपयोग गर्न नसक्नु जस्ता ससमस्याहरु शैक्षिक सामग्री निर्माण सम्बन्धमा देखापरेका समस्याहरु भएको उल्लेख गरेको पाईयो । त्यसैगरी

शिक्षकका अनुसार शैक्षिक सामग्री संकलन र प्रयोग शिक्षक वाहेक अन्य सरोकारवालाहरु विद्यार्थी, अभिभावक, वि.व्य.स.आदि त्यति जिम्मेवार भएर नलाग्नु, समय र खर्च जुटाउन नसक्नु, फरक-फरक विषय र धेरै पिरियड पढाउनु पर्ने, संकलन, निर्माण र खरिद गरेका सामग्रीहरुलाई उपयुक्त भण्डार कक्षको अभावमा कार्यालयकक्षमा नै यत्र तत्र राखिनुले हराउने, च्यातिने, फुट्ने तथा बिग्रने समस्या देखिनु, शैक्षिक प्रयोगशाला नहुनुले शैक्षिक सामग्री निर्माणका समस्याहरु हुन भन्ने कुरा उल्लेख गरेको पाईयो । यसले मेरो सेरोफेरो विषयको प्रभावकारी शिक्षणमा समस्या निम्त्याएको देखिन्छ ।

**शैक्षिक सामग्रीको प्रयोगमा देखा परेका समस्या**

प्रधानाध्यापकसँग सम्बन्धित भएर सोधिएका संरचित प्रश्नावलीमा दिइएको उत्तरलाई यसरी व्याख्या गरिएको छ । अध्ययनसँग सम्बन्धित शैक्षिक सामग्रीको प्रयोगमा देखा परेका समस्या सम्बन्धी सोधिएका प्रश्नावलीको आधारमा प्राप्त प्रतिक्रियाअनुसार विद्यार्थीहरुको ज्ञान, सीप र धारणामा शैक्षिक सामग्रीको प्रयोग गरी शिक्षण गर्दा जे जति विकास हुन्छ त्यसको सकारात्मक प्रभावको लागि शैक्षिक सामग्री प्रयोग गर्ने गरिन्छ । शैक्षिक सामग्रीको प्रयोग गरी शिक्षण गर्दा थोरै समयमा सजिलोसँग सिकाउन खोजेको कुरा विद्यार्थी समक्ष अर्थपुर्ण रुपले बुझाउन सकिने विद्यार्थी सक्रियता बढ्ने, विद्यार्थीलाई थप जिज्ञासा राख्न सजिलो हुने, सोधेका कुराहरुको जवाफ छिटो र सन्तोषपूर्ण रुपमा दिने र शैक्षिक सामग्रीको प्रयोग नगरी शिक्षण गर्दा सिकाउन खोजेको कुरा अर्थपूर्ण रुपमा बुझाउन कठिन हुने, समय र श्रम बढी लाग्ने, कक्षा दिक्क लाग्ने खालको हुने, विद्यार्थीहरु निस्कृय हुने, जिज्ञासा नराख्ने र सोधेको कुराको जवाफ दिन नसक्ने, डराउने र जवाफ दिएपनि अपूर्ण दिने गरेकाले शैक्षिक सामग्रीको प्रयोगले सिकाइलाई अर्थपूर्ण, उद्देश्यमूलक र व्यवहारिक बनाउन नसकेको भन्ने कुरा उल्लेख गरेको पाईयो ।

शिक्षकसँग सम्बन्धित भएर सोधिएका प्रश्नहरुमा विद्यार्थी वा शिक्षक आफैले सामग्री निर्माण गरिएको, निर्माण गरिएका सामग्रीहरुलाई व्यवस्थित ढंगबाट व्यवस्थापन गरिएको छ भन्ने प्रश्नसँग सम्बन्धित भएर सोधिएको प्रश्नावलीको आधारमा प्राप्त जवाफअनुसार शैक्षिक सामग्री शिक्षण सिकाइ क्रियाकलापमा प्रयोग गरिने त्यस्तो औजार हो जसले अमूर्त कुराहरुलाई मूर्त बनाउँदा र मूर्त कुराहरुलाई सवल र प्रभावकारी बनाउँदा महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । सिकाई कार्यमा रुची जगाउने र धारणाको विकास गराउन मद्दत गर्ने भएकोले सिकाई उपलव्धिमा प्रत्यक्ष र परोक्ष दुबै रुपमा पर्ने उल्लेख गर्दै शैक्षिक सामग्रीको प्रयोग गरी शिक्षण गर्दा शिक्षण गर्नुपर्ने विषयवस्तु सजिलैसँग अर्थपूर्ण रुपमा विद्यार्थी समक्ष पुऱ्याउन सकिने, विद्यार्थीहरुमा सिक्नका लागि उत्सुकता, रुची र प्रेरणा जागरण हुने, सिकाएका कुराहरु लामो समय सम्म सम्झन सक्ने जिज्ञासा राख्ने, मूल्याङ्कन गर्दा सन्तोषपूर्ण जवाफ दिने, गृहकार्य सबैले गरेर ल्याउने गरेका र शिक्षण सामग्रीको प्रयोग नगरी शिक्षण गर्दा सिकाउन खोजिएका कुराहरु सिकाउन र बुझाउन गाह्रो भएको, विद्यार्थीहरु उत्सुक र जिज्ञासु नबनेका, विद्यार्थी सहभागिता कम हुने गरेको मूल्याङ्कनमा समेत सन्तोषजनक जवाफ नपाईने गरेको जस्ता शैक्षिक सामग्रीको प्रयोगमा समस्या रहेको पाइयो ।

**शैक्षिक सामग्री संकलन, निर्माण र प्रयोगमा देखा परेका समस्या समाधान**

शैक्षिक उपलब्धिमा बृद्धि गर्नको लागि शैक्षिक सामग्रीको प्रयोग गर्नु अपरिहार्य हुन्छ । समयको माग अनुसार सामग्री संकलन गर्न नसक्दा, स्थानीय स्रोत साधनको सदुपयोग गरी शैक्षिक सामग्री निर्माण गर्न नसकिएको पाइन्छ । यदि कसैले यी शैक्षिक सामग्री विभिन्न माध्यमबाट संकलन, निर्माण गरिहाले पनि त्यसको प्रयोग नगरेको पाइन्छ । यसरी शैक्षिक सामग्री संकलन, निर्माण र प्रयोगमा विभिन्न समस्याहरु देखापरेको अध्ययनले देखाएको छ । यी समस्याहरु समाधानका सम्बन्धमा अध्ययन क्षेत्रमा अध्ययन गरिएको छ । जसलाई छुट्टाछुट्टै उपशीर्षकमा राखी व्याख्या गरिएको छ ।

**शैक्षिक सामग्रीको संकलनमा देखा परेका समस्याको समाधान**

शैक्षिक सामग्रीको संकलनमा देखा परेका समस्याको समाधान सम्बन्धमा छनोटमा परेको पाँचवटै विद्यालयका प्रधानाध्यापकले दिएको उत्तरमा पहिलो समस्या समाधानको उपाय केन्द्र स्तर, जिल्ला स्तर हुँदै स्थानीय स्तर सहित विद्यालय तहबाट शिक्षकलाई आवश्यक पर्ने शैक्षिक सामग्री खरिद गर्नको लागि आर्थिक अवस्था बलियो बनाउनु पर्ने देखिन्छ । जसबाट मात्र शैक्षिक सामग्री निर्माण गरी शिक्षण सिकाइलाई प्रभावकारी र दिगो बनाइ ज्ञान, बोध तहलाई बृद्धि गर्न सकिन्छ ।

**शैक्षिक सामग्रीको निर्माणमा देखा परेका समस्याको समाधान**

प्रस्तुत अनुसन्धानमा प्रधानाध्यापकका अनुसार अध्ययनसँग सम्बन्धित भएर शैक्षिक सामग्रीको निर्माण सम्बन्धमा देखा परेका समस्या समाधानसँग सम्बन्धित भएर सोधिएको प्रश्नावलीको जवाफमा प्राप्त प्रतिक्रिया अनुसार शिक्षकमा भएको बढी पिरियड भारलाई कटौटी गरी थप शिक्षक व्यवस्थापन गर्नुपर्ने, स्थानीय स्रोत साधनको पर्याप्त पहुँच र प्रयोग बढाउनुपर्ने, विद्यालयमा शैक्षिक सामग्रीको उपयुक्त भण्डारको व्यवस्था गर्नुपर्ने, प्रयोगशालाको व्यवस्थापन गर्नुपर्ने, स्थानीय सामग्रीलाई शैक्षिक सामग्रीको रुपमा उपयोग गर्नुपर्ने, विद्यालयसँग सरोकार राख्ने निकायसँग छलफल गरी विद्यालयका र शिक्षकका आवश्यकता पुरा गरी शिक्षक र विद्यार्थीमा अर्न्तसम्बन्धित भई शैक्षिक सामग्री निर्माण गर्न सकिन्छ भनी उल्लेख गरेको पाईयो ।

शिक्षकका अनुसार अध्ययनसँग सम्बन्धित भएर शैक्षिक सामग्रीको निर्माण सम्वन्धमा देखापरेका समस्या समाधान सम्बन्धी सोधिएका प्रश्नावलीका आधारमा प्राप्त प्रतिक्रिया अनुसार शिक्षक वाहेक अन्य सरोकारवालाहरु विद्यार्थी, अभिभावक, वि.व्य.स.आदि त्यति जिम्मेवार भएर लाग्नुपर्ने, पिरियड घण्टी मिलाउनुपर्ने, विद्यालयमा उपयुक्त भण्डारकक्षको व्यवस्थापन हुनुपर्ने, स्थानीय शैक्षिक सामग्रीलाई प्राथमिकता दिनुका साथै थप आवश्यकता अनुसार खरिद समेत गरी समाधान गर्न सकिन्छ ।

**शैक्षिक सामग्रीको प्रयोगमा देखा परेका समस्या समाधानका उपाय**

अध्ययन क्षेत्रका छनोटमा परेका विद्यालयका प्रधानाध्यापकलाई अध्ययनसँग सम्बन्धित भएर सोधिएका प्रश्नमा शैक्षिक सामग्रीको प्रयोगमा देखिएका समस्या समाधान कसरी गर्न सकिन्छ भन्ने प्रश्नमा आधारित रही विश्लेषण गरिएको छ । शैक्षिक सामग्री प्रयोग सम्वन्धमा देखापरेका समस्या सम्बन्धि सोधिएका प्रश्नावलीका आधारमा प्राप्त प्रतिक्रिया अनुसार शैक्षिक सामग्री संकलन र प्रयोग शिक्षक वाहेक अन्य सरोकारवालाहरु (विद्यार्थी, अभिभावक, वि.व्य.स., शिक्षा विकास तथा समन्वय इकाई आदि) त्यति जिम्मेवार भएर लाग्नुपर्ने, समय, खर्च र पाठ्यघण्टीको उचित व्यवस्थापन गर्नुपर्ने, निर्माण र खरिद गरेका सामग्रीहरुलाई उपयुक्त भण्डारण गरी विषयवस्तु अनुसार प्रयोग गर्नुपर्ने कुरा उल्लेख गरेको पाइयो ।

शैक्षिक सामग्रीको प्रयोगको समस्या न्यूनीकरण गर्नको लागि न्यूनतम शर्त पुरा हुने गरी विकासका पूर्वाधार विकास गर्ने, शैक्षिक सामग्रीलाई शिक्षणको अनिवार्य पक्ष बनाउनु पर्ने र स्थानिय साधन र स्रोतको उचित उपयोग गर्नुपर्ने, शिक्षक दरबन्दी र शिक्षकलाई प्रदान गरिने सेवा सुविधामा वृद्दि गर्नुपर्ने, उचित कार्यको उचित मूल्याङ्कन गरिनुपर्ने, सबै पक्षको समन्वयमा जोड दिनुपर्ने भन्ने निष्कर्ष प्राप्त भएको पाईयो ।

निष्कर्षमा शिक्षण गरिने पाठको प्रकृति र विषयवस्तुको आधारमा शिक्षण सिकाइलाई अर्थपूर्ण र उद्देश्यमूलक बनाउन आवश्यक पर्ने सामग्री हो । शैक्षिक सामग्रीको संकलन, निर्माण र प्रयोगको अवस्था कमजोर छ । विद्यार्थीहरुको सिकाई उपलब्धि अपेक्षाकृत रुपमा बढाउन शैक्षिक सामग्रीले सकारात्मक भूमिका खेल्दछ । शिक्षक बाहेक अन्य पक्षहरुको जिम्मेवारीपूर्ण भूमिका नहुनु, फरक-फरक र धेरै विषय पढाउनु पर्ने बाध्यता हुनु, सुरक्षित भण्डारकक्ष नहुनु, हराउने, च्यातिने, फुट्ने तथा बिग्रने समस्या आउनु शैक्षिक सामग्रीको निर्माण र प्रयोगको समस्या भएको उल्लेख गरेको पाईयो ।

## निष्कर्ष

विद्यार्थीहरुमा ज्ञान, सीप, धारणा र प्रतिभाको विकास गरी उपलब्धि उच्चतम रुपमा हाँसील गर्न शैक्षिक सामग्रीको निर्माण र प्रयोगले एउटा सशक्त माध्यमको भूमिका निर्वाह गर्दछ । पाठ्यपुस्तकलाई नेपालमा पठनपाठनको एकमात्र साधनको रूपमा लिइए पनि अन्य शैक्षिक सामग्रीहरुलाई समेत प्रयोग गर्न सके शिक्षण सिकाइ स्तरमा वृद्धि गर्न मद्दत पुग्दछ । विद्यालयहरूमा शैक्षिक सामग्रीको पहुँचको समस्या, शिक्षकमा ती सामान प्रयोग गर्ने सीप र जाँगरको अभाव अनि विद्यालय र अभिभावकको खर्च व्यहोर्ने क्षमता र इच्छाशक्तिको कमीले पाठ्यपुस्तक नै एकमात्र पठनपाठनको सामग्री बन्न पुगेको भए पनि समयमा पाठ्यपुस्तक उपलब्ध नहुँदा विद्यार्थीको पठनपाठनमा असर परेको देखिन्छ । त्यसैले विद्यार्थीसँग पाठ्यपुस्तक छ वा छैन भन्नेमा सदा सतर्क हुनुका साथै शिक्षण सामग्रीको प्रयोग विद्यालयसँग सरोकार राख्ने सरोकारवाला व्यक्ति, शिक्षक र विद्यार्थीले धेरै तरिकाबाट गर्न सक्छन् । शैक्षिक सामग्रीहरू सम्भव भएसम्म बजारबाट खरीद गरिएका भन्दा जहाँ र जुन परिवेशमा प्रयोग र उपयोग गरिने हो त्यहीं सहभागितामूलक तरिकाले निर्माण गरिएमा बढी व्यावहारिक र उपयोगी मानिन्छ । विद्यार्थीको सहभागितामा स्थानीय तहमा निर्मित सामग्री अर्थपूर्ण र व्यावहारिक सिकाइको

लागि सर्वाधिक महत्वपूर्ण हुन्छन् । वर्तमान अवस्थामा विद्यालय तहका शैक्षिक सामग्रीहरू पाठ्यक्रम विकास केन्द्रले केन्द्रीय रूपमा विकास गर्ने चलन छ । ती सामग्री प्रत्यक्ष रूपमा पाठ्यक्रमसँग सम्बन्धित र पूरकको रूपमा समेत रहने गरेका छन् ।

अध्ययनका क्रममा शिक्षण गर्ने सबैभन्दा उत्तम विधि भएको सिद्धान्ततः सबैले स्वीकार गरेको शैक्षिक सामग्रीको रुपमा मुख्य गरेर पाठ्यपुस्तक, सेतोपाती र कहिलेकाँहि नक्शा र चित्र प्रयोग हुने गरेको भएपनि अन्य आधुनिक श्रव्य, दृश्य र श्रव्यदृश्य शैक्षिक सामग्रीको प्रयोग नियमित हुन नसकेको पाईयो । सिकाइ उपलब्धि उच्चतम रुपमा हाँसिल गर्न शैक्षिक सामग्रीको प्रयोग एउटा सशक्त माध्यम र शिक्षण गर्ने सबैभन्दा उत्तम विधि भएको कुरा सिद्धान्तमा मात्र सिमित नगरी व्यवहारत यसलाई दैनिक शिक्षणकार्यको अनिवार्य पक्ष बनाई योजनावद्ध रुपमा कार्यान्वयन गर्नुपर्ने देखिन्छ । शैक्षिक सामग्री संकलन, निर्माण र प्रयोगका लागि आवश्यक पूर्वाधार विद्यालय भवन, उपयूक्त कक्षाकोठा, पुस्तकालय, व्यवस्थित भण्डारकक्ष, शैक्षिक सामग्री प्रयोगशाला, विद्युत र सम्बन्धित सरोकारवालाको दक्षता र सीप विकासका लागि गोष्ठी र कार्यशाला समेतको व्यवस्था गरि नुपर्ने देखिन्छ ।

शिक्षक निर्देशिका, सहायक पुस्तक, सन्दर्भ सामाग्री प्रकाशित गरी शिक्षक तथा विद्यालयलाई उपलब्ध गराई शिक्षण कार्यमा अनिवार्य उपयोग गर्नुपर्ने व्यवस्था मिलाउनु पर्ने, विद्यार्थी अनुपातमा शिक्षक दरवन्दीको व्यवस्था गरी शिक्षकहरुको पिरियड भार कम गर्नुपर्ने, शैक्षिक सामाग्रीको उचित संकलन, निर्माण र प्रयोग गर्ने शिक्षकलाई प्रोत्साहन र नगर्ने शिक्षकलाई निरुत्साहित गर्नुपर्ने, सम्बन्धित सरोकारवाला पक्ष तथा संघसंस्थासँग समन्वय गरी शैक्षिक सामाग्रीको संकलन, निर्माण र प्रयोगद्वारा विद्यार्थीहरुको सिकाई उपलब्धि अधिकतम रुपमा प्राप्त गर्ने उपायहरुको खोजी गर्नुपर्ने, अनुसन्धानबाट कक्षा १-३ मेरो सेरोफेरो विषयमा विद्यार्थीहरुको सिकाई उपलब्धि स्तर वृद्धि गर्ने शैक्षिक सामाग्रीको उचित प्रयोग आवश्यक छ भन्ने निष्कर्ष निकालेको सन्दर्भमा सरोकारवालाको ध्यान वेलैमा त्यस तर्फ जानुपर्छ ।

## सन्दर्भ सामग्री

कोइराला, विद्यानाथ (२०६३), शैक्षिक सामग्रीको भूमिका, शिक्षक मासिक कार्तिक वर्ष ५, अंक ७ काठमाडौः हिमाल एसोसियसन पाटनढोका, ललितपुर ।

**खनाल, पेशल, (२०६६), *शैक्षिक अनुसन्धान पद्धति,* काठमाण्डौं : सनलाइट पब्लिकेशन ।**

**खनाल, श्रीप्रसाद (२०६१), *गुणात्मक मूल्याङ्कन अनुसन्धान,* काठमाण्डौं: क्षितिज प्रकाशन ।**

**पाठ्यक्रम विकास केन्द्र (२०७६), *विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप,* नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय ।**

पोखरेल, राजु (२०७०), सिकाइ सामग्री र शैक्षिक गुणस्तरको साइनो, शिक्षक मासिक ।

पौडयाल, अनन्त (२०७३), शिक्षक सेवा प्रतिस्पर्धा केही प्रश्न, केही उत्तर, शिक्षक मासिक, Retrieved from https://shikshakmasik.com/2981

शर्मा, एकराज (२०७७), पाठ्यक्रम विकास र ढाँचा, काभ्रेपलान्चोक : दाजुभाइ प्रकाशन ।

शर्मा, चिरन्जिवी (२०७१), सामाजिक शिक्षा मनोविज्ञान, काठमाण्डौ : एम के पब्लिसर्स ।

शर्मा, चिरिञ्जिवी र शर्मा, निर्मला (२०६६), पाठ्यक्रम तथा मूल्याङ्कन, काठमाण्डौ : एम.के पब्लिकेशन ।

सिंह, लक्ष्मण (२०७९), शिक्षामा अनुसन्धान पद्धति, काठमाडौं : पिनाकल पब्लिकेशन ।

क्षेत्री, देवबहादुर (२०७५), कक्षा शिक्षण, काठमाण्डौ : विद्यार्थी प्रकाशन ।